# जैमिनीनगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
कुश्मीसेरा बागलुङ

कार्यालयमा सुचना प्रकाशित मितिः २०७७/०१/२२

ईश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## निःशुल्कप्राथमिक स्वास्थ्य सेवाका अत्यावश्यक औषधी तथा सर्जिकल सामान खरिद सम्वन्धी शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

यस नगरपालिका कार्यालय अन्तर्गत स्वास्थ्य संस्थाहरुवाटआ.व. २०७६/७७ मानिःशुल्क रुपमा वितरण गर्नको लागि अत्यावश्यकीय औषधी तथा सर्जिकल सामानहरु सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने भएकोले औषधी व्यवस्था विभागवाट इजाजत प्राप्त रजिष्टर्ड फर्म, कम्पनीवा सप्लायर्सहरुवाट देहायका सर्तहरुका अधिनमा रही यो सिलवन्दी वोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

१ कार्यालयमा सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र रु. १०००।००( अक्षेरुपी एकहजार रुपैंया मात्र) फिर्ता नहुने गरी ग्लोबल आई.एम.ई.बैंक लिमिटेड कुश्मीसेरा शाखामा रहेको यस कार्यालयको सँचितकोष खाता नं.४५०१०१००००१२० मावुझाएको सक्कल भौचर, आ.व. २०७६/७७ सम्मका लागि नविकरण गरिएको सम्वन्धित विषयको कारोवार गर्ने गरी इजाजत प्राप्त कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, औषधीव्यवसायीप्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्रतथा मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्र वा करमा विवरण पेश गरेको कागजात र नेपाली नागरिकताको प्रमाण पत्रको नोटरी पव्लिकद्वारा प्रमाणित गरिएका प्रतिलिपीहरु निवेदन साथ संलग्न राखि रु. १०/को टिकट टांसी कार्यालय समय भित्र वोलपत्र दाता वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालयवाट दरभाउ पत्र फारम खरिद गर्न सक्नेछन् ।

२ बोल पत्र फाराम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १६, औं दिनको १२:०० वजे भित्र सिल वन्दी गरी यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । दर्ता भएको सिलवन्दी दरभाउपत्रहरु सोही दिनको २:०० वजे दरभाउ पत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजका प्रतिनिधी उपस्थित नभएपनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । सिलवन्दी दरभाउपत्र खरिद गर्ने र दाखिलागर्ने अन्तिमदिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिमदिन मानिने छ ।

३ सिलवन्दी दरभाउपत्रदर्ता गर्दा दरभाउपत्र जमानत वापतको उल्लेखित रकम ग्लोबल आई.एम.ई.बैंक लिमिटेड कुश्मीसेरा शाखामा रहेको यस कार्यालयका खाता नं.४५०१०१००००१२३ धरौटी जमैनी खातामा नगद जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य वैंकवाट यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र पेश गर्ने अन्तिम मितिवाट कम्तिमा ७५ दिन म्यादभएको विडवण्ड (बैंक ग्यारेन्टी) सिलवन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ ।

४ दरभाउपत्रदाताले कवोल गरेको प्रत्येक आईटमको मू.अ.कर वाहेकको इकाई मूल्यलाई अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित रकम फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिईने छ । केरमेट भएको ठाउंमा सहीछाप गरी फर्म वाकम्पनीको छाप लगाउनु पर्नेछ ।

५ यस नगरपालिकाको हितलाई ध्यानमा राख्दै प्राप्तभएका सिलवन्दी दरभाउपत्रहरु पूर्णरुपमा स्वीकार गर्ने, आंशिक रुपमा स्वीकार गर्ने वापूर्ण रुपमा अस्वीकार गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा निहित

रहनेछ । साथै सिलवन्दी दरभाउपत्रमा उल्लेख भएको औषधी तथा सर्जिकल सामानहरुको परिमाणमा थपघट समेत हुन सक्ने छ । यसरी परिमाणमा थपघट भएतापनि दरभाउपत्र दाताले कवोल गरेकै दररेटमा उपलव्ध गराउनु पर्नेछ । साथै स्वीकृत भएको दररेट २०७७ सालअसार मसान्त सम्मको लागि मान्यहुने छ ।

६. दरभाउपत्रदाताले आफुले खरिद गरेको दरभाउपत्र नै दर्ता गराउनु पर्नेछ । यस कार्यालयवाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको बोलपत्रअर्को फर्मले दाखिला गर्न पाउने छैन । साथै छांयाप्रति तयार गरी पेश गरेको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

७. दरभाउपत्र दाताले दरभाउपत्र साथ आफू खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाभिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा संलग्न गर्नु पर्ने छ ।

८. दरभाउ पत्रको स्वीकृति समग्र प्याकेजमा नगरी आईटम वाईज वोलकवोल अंकमध्ये न्यूनतम मूल्यका आधारमा गरिने छ ।

९. औषधीको म्यादको हकमा औषधीहरु दाखिला हुने समयमा कम्तीमा १८ महिनाको Expiry Date वांकी भएको हुनु पर्नेछ । तर कुनै औषधीको जम्मा Expiry Date १८ महिना भन्दा कम अवधिको हुने भएमा जम्मा Expiry Date कुल अवधिको ७५ प्रतिशत म्याद वांकीभएको हुनुपर्ने छ ।

१०. म्याद नाघिआएको, रित नपुगेको र सर्त राखि पेश भएको दर भाउ पत्र उपर कुनै कारवाही गरिने छैन ।

११. सप्लाई हुने औषधीको प्रत्येक प्याकिङको वाहिर उत्पादन मिति, एक्सपायरी मिति, व्याच नं., तथा"Supply for Ministry of Health, Nepal, नेपाल सरकार वाट निःशुल्क वितरणका लागि " भन्ने वाक्यांश उल्लेख हुनुपर्ने छ ।

१२. सप्लाई हुने औषधीहरु WHO/GMP प्राप्तकम्पनी वाट उत्पादन भएको हुनु पर्नेछ । स्वदेशी औषधीको हकमा WHO/GMP Certificate को प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ । विदेशी औषधीहरुको हकमा औषधी व्यवस्था विभागको पैठारी सिफारिस पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

१३. दरभाउ पत्र खरिद गर्दा कम्पनी वा फर्मको आधिकारीक व्यक्ति स्वंय उपस्थितहुनु पर्नेछ र आफु उपस्थित हुन नसकेमा उक्त संस्थाले आफुले पठाएको प्रतिनिधिको परिचय खुल्ने कागजात, संस्थाको छाप , आफ्नो लेटर प्याडमा**"दरभाउपत्र खरिद गरि पांउ"** भन्ने निबेदन पेश गरेमा दरभाउपत्र खरिद गर्न सकिने छ ।

१४. दरभाउपत्र सम्वन्धीअन्य कुरा वुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी वुझ्न सकिने छ ।

१५. यस सूचनामा उल्लेख भएका कुराहरु उल्लेख भए बमोजिम र उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ (संसोधन सहित) वमोजिम हुनेछ ।

१६. उक्त दरभाउपत्र अनलाइन मार्फत दर्ता गर्न सकिनेछ ।

| सि. नं | दरभाउपत्र नं | बिबरण | ईस्टिमेट अंक मु.अ.क.सहित | धरौटी रकम | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०५/०७६/०७७ | औषधी तथा सर्जिकल सामानहरु खरिद | रु १९९९६६८। (अक्षरुपी उन्नाइस लाख उनान्सय हजार छ सय अठसठ्ठी रुपैया मात्र ) | ४९९९१।७० (उनान्पचास हजार नौ सय एकानब्बे रुपैया सत्तरी पैसा मात्र) | रु १०००।- (अक्षरुपी एक हजार मात्र) | |